"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भानुपथ, इलाम
## Ilam Municipality
## Office of the Municipal Executive

☎प्रमुख / उप प्रमुख ...........
का.अ. / लेखा ५२००६०
योजना / प्रशासन ५२००६५
दमकल / खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

प.सं. : प्र.शा.(         )०७६।०७७
च.नं.

मितिः-२०७६।१०।१३

**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय इलामको**
**मिति २०७६।१०।१३ को मासुपसल भवन निर्माणका लागि**
**निजी साझेदार आव्हान गरिएको सूचना**

इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ बमोजिम इलाम नगरपालिकाको स्वामित्वमा रहेको इलाम नगरपालिका वार्ड नं. ७ स्थित जिल्ला हुलाक कार्यालयदेखि दक्षिण मोटरसाइकल पार्किङ्गस्थल उत्तरमा यस कार्यालयको नक्सा डिजाइन अनुसार मासुपसल भवन निर्माण तथा सञ्चालनका लागि निम्न शर्तको अधीनमा रहने गरी लगानीकर्ताहरुमा आव्हान गरिएको छ । सो मासुपसलको लगानी रकम तथा न्यूनतम मासिक भाडा समेत निम्नानुसार भएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

**निम्न :–**

(१) प्रस्ताव फाराम रु १०००।०० (फिर्ता नहुने) तिरी २०७६।१०।२८ गते भित्रमा कार्यालयबाट खरिद गर्न सकिनेछ ।

(२) प्रस्ताव फाराम भरी सिलबन्दी गरी मिति २०७६।१०।२८ गते दिउँसो १२ बजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दर्ता गराउन सकिनेछ ।

(३) यस कार्यालयको नक्सा डिजाइन अनुसार निर्माण हुने मासु पसलमा प्रत्येक कोठाको लागि रु १,५०,०००।०० रकम लगानी गर्न सकिनेछ । प्रत्येक कवलको लागि छुट्टा छुट्टै प्रस्ताव गर्नु पर्नेछ । प्रस्ताव सिलबन्दी गरिएको खाममा बाहिर कति नम्बरको कवल कुन हो ? प्रष्ट लेख्नु पर्नेछ ।

(४) प्रति कवल न्यूनतम मासिक भाडा रकम MS1, MS2 लाई 4000.00, MS3, MS4 लाई 4500.00, MS5, MS6 लाई 5000.00 तोकिएको छ र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा रकम बृद्धि गरिनेछ । संझौता पश्चात मासिक भाडा भुक्तान प्रक्रियामा मासिक भाडा रकमको ५० प्रतिशत रकम लगानी रकमबाट कट्टा हुनेछ र ५० प्रतिशत रकम मासिक रुपमा दाखिला गर्नु पर्नेछ ।

(५) संझौताको अवधि १५ वर्ष तोकिएको छ र लगानी रकम मासिक रुपमा कट्टा गर्दै लगिनेछ । १५ वर्षको संझौता अवधि समाप्त भएपछि लगानी रकम बाँकी रहन गएमा बांकी रकम नगरपालिकाको निर्णयानुसार फिर्ता हुनेछ ।

(६) प्रत्येक कवलमा उल्लिखित न्यूनतम भाडादरलाई आधार मानेर प्रतिस्पर्धा हुने र बढी भाडा रकम कवोल गर्ने लगानीकर्ताले प्राथमिकता पाउनेछ ।

(७) लगानीकर्ताको प्रस्ताव स्वीकृतिपश्चात प्रत्येक लगानीकर्ताहरुलाई तोकिएको लगानी रकम ३ किस्ता क्रमशः ४० प्रतिशत, ३० प्रतिशत र ३० प्रतिशत दरले कार्यालयले तोकेको समयमा लगानी रकम दाखिला गराउने कार्य हुनेछ ।

(८) उल्लिखित प्रक्रिया अनुसार संझौता गरेका लगानीकर्ताले न्यूनतम १५ वर्षसम्म बिना प्रतिस्पर्धा साझेदारी लगानीका आधारमा व्यापारिक कवल उपयोग गर्न पाउनेछ ।

(९) लगानीकर्ताले आफूले लगानी गरी लिएको कोठा अन्यलाई भाडामा दिन वा लगाउन पाउने छैन । काबु भन्दा बाहिरको परिस्थितिको हकमा नगर कार्यपालिकाले वस्तुगत परिस्थिति मूल्याङ्कन गरी तत्सम्बन्धमा विशेष निर्णय गर्न पनि सक्नेछ ।

(१०) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नगरपालिकाको निर्णयानुसार हुनेछ ।